# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
चौतारा, सिन्धुपाल्चोक
बागमती प्रदेश ,नेपाल

पत्र संख्याः २०७७/०७८
चलानी नम्बर : ५६२

### मल बिक्रेता छनोट प्रकृयाको लागि निवेदन पेश गर्ने वारेको सुचना

**प्रथम पटक प्रकाशित मिति : २०७७०८०८**

नेपाल सरकारले कृषकहरुको लागी अनुदानमा उपलब्ध गराउने मलको स्थानिय तहमा आर्पुती तथा वितरण व्यवस्थापन गर्न विक्रेता नियुक्तीको अवश्यक प्रक्रियाको लागी अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ बमोजिम यस नगरपालिकाको प्रत्येक वडामा कम्तिमा एक वटा विक्रेता रहने गरी मल वितरक कम्पनीमा विक्रेता छनोट गरी सिफारिस गर्ने प्रयोजनका लागी यस नगरपालिका अर्न्तगतका मलको विक्री वितरण गर्न इच्छुक सहकारी संस्था फर्म वा कम्पनीले तपशिल अनुसारका कागजात सहित सूचना प्रकाशन भएको मितिले ७ (सात ) दिन भित्र यस नगरपालिकाको कृषि विकाश शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यस नगरपालिकाको स्थानिय समितिको मिति २०७७ /०८/०७ गतेको निर्णयअनुसार यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ संलग्न हुनुपर्ने कागजपत्रहरु**

१.सूचिकृत हुने /इजाजत लिने सम्बन्धी निवेदन
२.संस्था दर्ता ,सूचिकृत /अद्यवधिक प्रमाण पत्रको प्रतिलिपि ,इजाजत पत्रको प्रतिलिपि ,स्थायी लेखा नं .र कर चुक्ताको प्रतिलिपि ।
३.संस्थागत निर्णयको प्रतिलिपि ।
४.सम्बन्धित वडा कार्यालयको सिफारिस ।
५.विगतका दुई आ.व को लेखा परिक्षण प्रतिवेदन ।
६.विगतमा मल कारोबार गरेको संस्थाको हकमा मलको कारोबार विवरण र अनुभव ,कार्यदक्षता ,कार्य क्षमताको विवरण ।
७.नापतौल गर्ने मेशिन, गोदामघर,सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारका विवरण ।
८.सहकारी संस्थाको बिनियम ।

*(नोट : कृषि सहकारी सस्थालाई पहिलो पाथमिकता दिइनेछ)*

२०७७/०८/०५
(दुर्गा प्रसाद ढुङ्गेल)
अधिकृतस्तर छैटौ